| क्र.सं. | कार्यहरु | आवश्यक कागजात |
|---|---|---|
| २.५.१. | संस्था दर्ता | - संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता हुन रित पुर्वकको आवेदन ।<br>- प्रस्तावित विधान ४ प्रति<br>- स्थानीय निकाय (गा.वि.स. वा नगरपालिका र जि.वि.स. समेत) को सिफारिश<br>- तदर्थ/प्रबन्ध समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्र को प्रमाणित प्रतिलिपि<br>- तदर्थ/प्रबन्ध समितिका पदाधिकारीहरुको चालचलन/गतिविधि सम्बन्धि प्रहरी प्रतिवेदन<br>-आवश्यकता अनुसार सम्वद्ध निकायहरुको राय/परामर्श |
| २.५.२ | संस्था नविकरण | - राष्ट्रिय निर्देशन ऐन, २०१८ र संस्थादर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको दुवै प्रकारका संस्थाहरुले नविकरणको लागि देहाय बमोजिम कागजात सहित निवेदन गरेमा नविकरण गर्ने :<br>● अघिल्लो बर्षको लेखा परीक्षण प्रतिवेदन<br>● जिल्ला विकास समितिको सिफारिश<br>● कर चुक्ता बारेको कर कार्यालयको पत्र<br>● साधारण सभाको माईन्यूटको प्रतिलिपि<br>● संस्थाको वार्षिक प्रतिवेदन आगामी कार्ययोजना<br>● अन्य जिल्लामा काम गरेको भए सो जिल्लाको जि.वि.स.को सिफारिश |
| २.५.३ | विधान संशोधन | - विधान संशोधनको लागि साधारण सभामा पेश गर्ने कार्यसमितिको निर्णय प्रतिसाथ संस्थाको प्याडमा निवेदन ।<br>- राष्ट्रिय निर्देशन ऐन, २०१८ र संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भई चालु वर्षको लागि नविकरण भईसकेका संस्थाहरुको हकमा साधारण सभाबाट २ तिहाईबाट विधान संशोधनको लागि पारित गरेको माईन्यूटको प्रतिलिपि सहित निवेदन गरेमा विधान संशोधन गर्ने । |
| | २.५.३.१ संस्थाको नाम संशोधन | संस्थाको नाम संशोधन गर्दा सो संस्थाको दायित्व सम्बन्धमा असर पर्ने हुँदा संस्थाको नाम संशोधन गर्ने कार्य हाल गरिएको छैन । |
| | २.५.३.२ संस्थाको केन्द्रिय कार्यालय सार्ने | यस जिल्लामा दर्ता भएको संस्थाको केन्द्रिय कार्यालय अन्य जिल्लामा सार्न निवेदन पर्ने गरेकोमा अर्को जिल्लामा शाखा खोल्न सकिने भए पनि केन्द्रिय कार्यालय नै सार्न नमिल्ने हुँदा सोको स्वीकृति दिन नसकिने । |
| | २.५.३.३. संस्थाको शाखा कार्यालय खोल्ने स्विकृति | - कार्यसमितिको निर्णय सहितको निवेदन<br>- संस्थाको नवीकरण गरेको प्रमाणपत्रको फोटोकपी<br>- संस्थाको विधान |